
# बुद्ध र व्यावहारिक धर्म



भिक्षु अश्वघोष महास्थविर

Downloaded from http://www.dhamma.digital

# बुद्ध
# र
# व्यावहारिक धर्म

Dhamma.Digital

लेखक
भिक्षु अश्वघोष महास्थविर

त्रिपिटक अध्ययन समूह
संधाराम विहार

Downloaded from http://www.dhamma.digital


**बुद्ध र व्यावहारिक धर्म**

| | | |
|---|---|---|
| **प्रकाशक** | : | त्रिपिटक अध्ययन समूह<br>संघाराम विहार, काठमाडौं। |
| **लेखक** | : | भिक्षु अश्वघोष महास्थविर |
| **संस्करण** | : | पहिलो २०२९ (पञ्चबहादुर चित्रकार)<br>दोश्रो ने.सं. ११३९<br>वि.सं. २०७६<br>इ.सं. २०१९<br>बु.सं. २६६३ |
| **प्रति** | : | १००० |
| **प्रुफ संशोधन** | : | केशवमान चित्रकार/आयुष्मान शाक्य |
| **मूल्य** | : | धर्म दान |
| **मुद्रण** | : | श्रीस्टार प्रिन्टिङ्ग प्रेस<br>बागबजार, काठमाडौं।<br>फोन : ०१-४२४५९८२/४२४६८६२ |

Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो।
उपज्जित्वा निरुज्झन्ति तेसं उपसमो सुखोति॥

# भावपूर्ण श्रद्धाञ्जली



**जन्म**
ने.सं. १०४६
वि.सं. १९८४ जेष्ठ ३१

**दिवङ्गत**
ने.सं. ११३९ चिल्लागाः औंशी
वि.सं. २०७५ चैत्र २२, शुक्रवार

**त्रिपिटक अध्ययन समूह**

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

नेपालको थेरवाद बुद्धशासनका एक परम व्यवहारिक व्यक्तित्व एवं छैठौं पूज्यपाद संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको देहावसानले हामी संघाराम विहार ढल्को क्षेत्रपाटीका त्रिपिटक अध्ययन समूहका विद्यार्थीहरू अत्यन्तै मर्माहत भएका छौं। यस अध्ययन समूहका संरक्षकको रूपमा रही अध्यापन उहाँले गराउँदै आउनुभएको थियो । उहाँले हामी विद्यार्थीहरूलाई सदैव असल मान्छे बन्नुपर्ने र त्यसअन्तर्गतका शिक्षाले देशमा एक जिम्मेवारी नागरिक तयार पार्न भरमग्दुर प्रयत्न गर्दा गर्दै २०७५ चैत्र २२ गते औंशीका दिन हामी सबैलाई सदाका लागि छोडेर जानुभयो। हामी विद्यार्थीहरू उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। उहाँले यस संसारबाट बिदा लिएर जानुभएता पनि उहाँका कृतिहरूले उहाँका ज्ञानवर्द्धक शिक्षा हामीमा प्रतिविम्वित भइरहनेछ र हामी त्यसबाट सदैव लाभान्वित भइरहने छौं।

उहाँको असल मान्छे बनाउने सदिच्छाअनुरूप उहाँले लेख्नुभएको "बुद्ध र व्यावहारिक धर्म" नामक पुस्तकलाई पञ्चबहादुर चित्रकार, ओमबहालबाट २०२९ सालमा भाद्रमा प्रथम पटक प्रकाशित गरिएको थियो। उक्त पुस्तक यस देश र समाजका हरेक वर्गका व्यक्तिहरूका लागि अति महत्त्वपूर्ण ठानी उक्त पुस्तकको दोस्रो संस्करण हामी त्रिपिटका अध्ययन समूहबाट प्रकाशन गरी उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

Downloaded from http://www.dhamma.digital

उक्त दोस्रो संस्करणको पुस्तकद्वारा उपासक उपासिकाहरूले आफ्नो दैनिक जीवनमा व्यवहारमा उतारी लाभान्वित हुन सकेमा उहाँ प्रतिको हाम्रो श्रद्धाञ्जली सच्चा श्रद्धाञ्जली हुनेछ भन्ने आशा एवं विश्वास लिएका छौं।

यस पुस्तक प्रकाशित गर्नको लागि सल्लाह सुझाव दिनुहुने श्रद्धेय उपत्तिस्स महास्थविर भन्तेज्यू र अन्य योगदान दिनेहरूमा प्रेससम्बन्धी सल्लाह कार्य एवं कभर लेमिनशनको लागि सहयोग गर्नुभएको न्हुच्छे बहादुर महर्जन त्यस्तै यस श्रद्धाञ्जली एवं गुणानुस्मरणको पुस्तकको लागि प्रस्तावकको रूपमा रहनुभएका डा. तारादेवी चित्रकार धन्यवादका पात्र हुनुहुन्छ।

भवतु सब्ब मंगलं।

**२०७६/०१/१८** **–त्रिपिटक अध्ययन समूह**

Downloaded from http://www.dhamma.digital

**प्रथम संस्करणबाट**

# दुई शब्द

हिजोआज बुद्धधर्मसम्बन्धी धेरै चर्चा भइरहेको सुन्न पाउँदा मलाई धेरै खुशी लागेको छ। झन खुशीको कुरा त यसमा छ कि “व्यवहारिक पक्षपाती धर्मको प्रचार जरुरी छ र त्यस्तै किसिमको बुद्ध धर्म हामीहरूलाई चाहिएको छ” भन्ने कुराको विचार धेरैले प्रकट गर्दै आएको।

यसै क्रममा श्री पञ्चबहादुर चित्रकारको अनुरोधअनुसार उहाँको घरैमा गत वर्ष आश्विन महिनादेखि प्रतिहप्ता “बुद्ध व्यवहारिक पक्षपाती हुन् र बुद्ध धर्म व्यावहारिक धर्म हो” भन्ने विषयलाई लिएर आफूले जानेको आधारमा अहिलेसम्म प्रवचन गर्दै आइरहेको छु।

अब यही भाद्र महिनाको अन्ततिर हुने प्रवचन कार्यक्रम समाप्तिको अवसरमा यही कार्यक्रमअन्तरगतकै प्रवचनसम्बन्धी केही अंशहरू सङ्कलन गरी पुस्तिकाको रूपमा प्रस्तुत भएको हो।

**धन्यवाद ज्ञापन**

प्रस्तुत पुस्तक प्रकाशनार्थ आर्थिक सहायता दिएर पुस्तिकाको रूपमा सङ्कलन गर्न दिनुभएकोमा श्री पञ्चबहादुरप्रति म कृतज्ञ छु।

साथै यथाशीघ्र समयमै राम्रोसँग पुस्तक मुद्रण गरिदिएकोमा प्रेस पनि धन्यवादको पात्र भएको छ।

**आनन्द कुटी**

१८ भाद्र २०२९

बुद्ध वर्ष २५१६

**–भिक्षु अश्वघोष**

Downloaded from http://www.dhamma.digital

# त्रिपिटक अध्ययन समूह

## गुरु वर्ग

(१) सङ्घनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर, (२) श्रद्धेय भिक्षु सुमेध महास्थविर, (३) श्रद्धेय भिक्षु धर्ममूर्ति महास्थविर, (४) श्रद्धेय भिक्षु भद्दीय महास्थविर, (५) श्रद्धेय भिक्षु उपत्तिस्स महास्थविर, (६) श्रद्धेय भिक्षु शरणंकर, (७) श्रद्धेय भिक्षु प्रियदशी, (८) श्रद्धेय भिक्षु धम्मानन्द, (९) श्रद्धेय भिक्षु आनन्द महास्थविर, (१०) श्रद्धेय सुजाता गुरुमा, (११) श्रद्धेय वीर्यवती गुरुमा, (१२) श्रद्धेय कुशुम गुरुमा (१३) श्रद्धेय भिक्षु सुशिल (हाल गृहस्थ- प्रकाश शाक्य), (१४) श्रद्धेय भिक्षु संघरक्षित (हाल.........)

## अन्य गुरुहरू

(१) प्रा. सुवर्ण शाक्य, (२) डा. लक्ष्मण शाक्य
(३) सहप्राचार्य मदनरत्न मानन्धर, (४) कविरकुमार बज्राचार्य
(५) अनुप श्रेष्ठाचार्य ।

## विद्यार्थी समूह

(१) केशवमान चित्रकार, (२) आयुष्मान शाक्य (३) डा. तारा चित्रकार (४) सरोज चित्रकार, (५) कमला शाक्य, (६) निलम शाक्य, (७) मीनु चित्रकार, (८) सरिता चित्रकार , (९) गुणकेशरी नकर्मी (१०) धनबहादुर तको , (११) सूर्यकर शाक्य, (१२) जुजुभाई बज्राचार्य

Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो।
उपज्जित्वा निरुज्भन्ति तेसं उप समोसुखोति।

# गुणानुस्मरण

समयको सन्दर्भ अलि ढिलो र चाँडो मात्रको कुरा हो मानिसको स्वभावधर्मअनुरुप जाति जरा, व्याधिपछि मरण त धारण गर्नै पर्ने हुन्छ  सबैले। यो यथार्थतालाई नै जनजनमा बुझाउनको लागि करिव सात दशकसम्म अथक प्रयास गर्दागर्दै थेवाद बुद्धशासनका एक हस्ति अत्यन्तै शौम्य, व्यवहारिक एवं मुर्धन्य व्यक्तित्व नेपालका छैठौं पुज्यपाद संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर ने.सं. ११३९ चिल्लागाः (चैत्र कृष्ण पक्ष) औंशी अर्थात् २०७५ साल चैत्र २२ गते शुक्रबार दिउँसो १:२६ बजे उपचाररत अवस्थामा हामी सबैलाई छाडेर काठमाडौं, टेखास्थित ग्राण्डी इन्टरनेशनल हस्पिटलमा देहावसान हुनुभयो। नेपालका राष्ट्रपति, प्रधानमन्त्रीका साथै उहाँका अनन्य भक्तहरू भन्ते, गुरुमाहरू एवं बौद्ध उपासक उपासिकाहरू मात्र होइन नेपालसँग दौत्य सम्बन्ध रहेका बौद्ध देशहरू श्रीलङ्का, थाइल्याण्ड, म्यानमार (बर्मा) आदि देशहरूबाट उहाँको देहावसानमा हार्दिक समवेदना प्रकट गरियो। यस हिसाबले उहाँ नेपालमा मात्र होइन अन्य बौद्ध राष्ट्रहरूमा समेत एउटा पृथक तरिकाले पहिचान बनाउन सफल व्यक्तित्वको रूपमा रहेको प्रभावशाली श्रद्धेय भिक्षु हुनुहुन्छ। उहाँले बुद्ध धर्ममार्फत धार्मिक एवं सामाजिक सेवाको लागि निरन्तर अथक प्रयास गर्नुभएको कुराहरू अविस्मरणीय छन्। २०२९ सालतिर स्वयम्भूस्थित आन्दकुटी विद्यापिठमा सेवारत रहँदा

Downloaded from http://www.dhamma.digital

उहाँले 'आनन्द भूमि' बौद्ध मासिक पत्रिकाका सम्पादकका रूपमा र त्यसै गरी धर्मकीर्ति विहारमा पनि 'धर्म कीर्ति' नामको मासिक पत्रिकाका प्रधान सम्पादक (अन्तिम घडिसम्म पनि कायमै) को रूपमा कार्यरत रहनुभयो। उक्त दुवै मासिक पत्रिका हाल जनमानसमा भिजेका उत्कृष्ट पत्रिकाका रूपमा निरन्तर प्रकाशित भइरहेका छन्। त्यसरी नै २०३८ सालमा स्थापित क्षेत्रपाटी, ढल्कोस्थित संघाराम विहारमा भिक्षु तालिम केन्द्रको स्थापना गर्नुभएको थियो। उहाँले उक्त तालिम केन्द्रबाट भविष्यमा नेपालमा भिक्षुहरूको संख्या बढाउने मात्र होइन गुणस्तरीय एवं सक्षम भिक्षुहरूको उत्पादन गर्ने उद्देश्य राख्नुभएको थियो। परिणाम स्वरूप हाल नेपालका जल्दा-वल्दा एवं सक्षम श्रद्धेय भन्तेहरू त्यसताकाका उहाँकै शिष्यहरू रहेका छन्।

त्यसै गरी उहाँले २०४८ सालमा गठित राष्ट्रिय सभाका सांसदको रूपमा दुई वर्षसम्म कार्यरत रहनुभयो। त्यसैको प्रभावबाट उहाँ पुनः २०५१ सालमा लुम्बिनी विकास कोषका उपाध्यक्ष हुनुभयो। उहाँले कसैलाई दवावबाट होइन प्रभावबाट शौम्य एवं व्यवहारिक नेतृत्व लिने गर्नुहुन्थ्यो। त्यही प्रभावले गर्दा उहाँलाई तत्कालीन सरकारले गोरखा दक्षिण बाहु (गो.द.वा.) पदवीबाट विभूषित गराइएको थियो। त्यसैगरी २०५७ सालमा म्यानमार (बर्मा) सरकारबाट "अग्ग महा सद्धम्मजोतिक धज" पदवीद्वारा पनि विभूषित हुनुभयो। उहाँले नेपाली भाषा अलावा नेपालभाषा संरक्षणको लागि पनि ठूलो भूमिका निर्वाह गर्नुभएको थियो। त्यसैको फलस्वरूप नेपालभाषा परिषद्, काठमाडौंद्वारा ने.सं. ११२८ (वि.सं. २०६४) मा

Downloaded from http://www.dhamma.digital

"भाषा थुवा" (भाषा संरक्षक) मानार्थ उपाधिले सम्मानित गरिएको थियो। उहाँको निधनले राष्ट्रिय जनजीवनसँग सम्बन्धित अन्य क्षेत्रहरूमा समेत निक्कै आघात पुऱ्याएको छ। उहाँ राष्ट्रको एक गौरव, बुद्ध धर्मका प्रभावशाली एवं शौम्य भन्तेको रूपमा रहेको सर्व विधितै छ। त्यसैले उहाँलाई हालको सरकारले विशेष राजकीय सम्मानका साथ दाहसंस्कार गरिएको हो।

उहाँको देहावसानले हामी "त्रिपिटक अध्ययन समूह" का विद्यार्थीहरू पनि अत्यन्तै मर्माहत भएका छौं। उहाँ यसै संघाराम विहारस्थित उक्त समूहका संरक्षकको रूपमा उहाँले त्रिपिटक कक्षा आफ्नै ढङ्गबाट सञ्चालन गर्दै आउनुभएको थियो। उहाँको साथमा उक्त विहारका आवासीय भन्ते श्रद्धेय उपत्तिस्स महास्थविरले पनि शौम्य तरिकाले अध्यापन गराउनुहुन्थ्यो। श्रद्धेय अश्वघोष भन्तेले हामीलाई असल शिक्षाको ज्ञान बोध गराउन कालो पाटीमा लेखेर पढाउनुहुन्थ्यो। ९०/९१ वर्षको उमेरमा पनि हामी विद्यार्थीहरूलाई पढाउन विद्यार्थीहरू कक्षामा उपस्थित हुनु पूर्व नै आफ्नो धर्म देशनालाई उहाँले वोर्डमा लेख्न भ्याउनुहुन्थ्यो र त्यसको वर्णन सबै विद्यार्थीहरू उपस्थित भइसकेपछि गर्नुहुन्थ्यो। उहाँको पढाउने आफ्नै शैली व्यवहारिक तवरले आफ्नै अनुभवको उपमा दिएर अध्यापन गराउँदा हामी विद्यार्थीहरू निक्कै प्रभावित भएका थियौं। उहाँले आफ्नो पढाइमा विभिन्न कोणहरूबाट हामीलाई प्रभाव पार्नुभएको थियो। त्यसैको परिणामस्वरूप हामीले "धम्म साकच्छा" नामको एक अर्ध वार्षिक बुलेटीन पनि २०७३ जेष्ठ महिनामा उहाँकै निर्देशनमा प्रकाशित गरेका थियौं। यसै सिलसिलामा जब उहाँ संघाराम

Downloaded from http://www.dhamma.digital

विहारबाट ध्यानकुटी विहार (२०२८ सालमा आफू स्वयंले निर्माण गरेको एक विहार) बनेपामा आसिन हुनुभयो हाम्रो त्रिपिटक अध्ययन समूहका कक्षा सुचारु रूपले चल्न सकिएन र हालसम्म पनि सञ्चालन हुन सकेको छैन। उहाँको देहावसानमा यस समूहका विद्यार्थीहरू उहाँ प्रति गुणानुस्मृति एवं भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

यस संसारबाट बिदा लिएर जानुभए पनि उहाँका कृतिहरूले सदैव उहाँका व्यवहारिक एवं ज्ञानवर्द्धक शिक्षा हामीमा प्रतिविम्वित भइरहनेछ। उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न २०३९ भाद्र १८ (बु.स. २५१६) मा उहाँले आफ्नो पिता चन्द्रज्योति शाक्यको पुण्यस्मृतिमा पञ्चबहादुर चित्रकार ओमबहाल प्रकाशक भई आफैंले लेख्नुभएको "बुद्ध र व्यावहारिक धर्म" नामक पुस्तकलाई यस त्रिपिटक अध्ययन समूहका विद्यार्थीहरूले दोश्रो संस्करणको रूपमा प्रकाशित गरी वितरण गरिएका छौं। यसको मूल उद्देश्य भनेको हाम्रो समाजमा रहेका विभिन्न वर्ग, तह र तप्काका व्यक्तिहरूले आफ्नो गृहस्थ जीवनलाई सदुपयोग गर्न यस पुस्तक अत्यन्तै महत्त्वपूर्ण र उपयोगी हुनेछ। यस पुस्तकको माध्यमबाट उहाँको सदिच्छा पूरा गर्न यस त्रिपिटक अध्ययन समूहका विद्यार्थीहरू कार्यरत छौं। त्यसैले यस पुस्तकको अध्ययनबाट कोही व्यक्ति लाभान्वित भएमा हाम्रो उहाँ प्रतिको भावपूर्ण श्रद्धाञ्जली वास्तविक श्रद्धाञ्जली हुनेछ भन्ने हामीले आशा एवं विश्वास लिएका छौं। धन्यवाद ! साधुवाद !

***भवतु सब्ब मंगलं***

**– त्रिपिटक अध्ययन समूह**

Downloaded from http://www.dhamma.digital

# विषयसूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| • | भावपूर्ण श्रद्धाञ्जली | |
| • | प्रकाशकीय | |
| • | प्रथम संस्करणबाट दुई शब्द | |
| • | त्रिपिटक अध्ययन समूह | |
| • | गुणानुस्मरण | |
| १. | यथार्थवादी धर्म | १ |
| २. | बौद्ध पूजा | ५ |
| ३. | बौद्ध व्यवहार धर्म | ८ |
| | ३.१ आमा–बुबा पूर्व दिशा | ९ |
| | ३.२ गुरु दक्षिण दिशा | १० |
| | ३.३ पति–पत्नी पश्चिम दिशा | १० |
| | ३.४ मित्र उत्तर दिशा | ११ |
| | ३.५ मालिक र कर्मचारी तल्लो दिशा | ११ |
| | ३.६ श्रमण भिक्षु माथिल्लो दिशा | १२ |


Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ४. | बुद्धको मानवतावाद | १४ |
| ५. | रोगीको सेवा | १६ |
| ६. | अशान्तिको कारण असमानता | १८ |
| ७. | सदाचार | २१ |
| ८. | बुद्ध धर्म र व्यापार | २४ |
| | ८.१ शस्त्रको व्यापार | २५ |
| | ८.२ पशु व्यापार | २६ |
| | ८.३ दास व्यापार | २६ |
| | ८.४ मद्य व्यापार | २६ |
| | ८.५ विष व्यापार | २७ |
| ९. | ब्रह्म विहार (उत्तम व्यवहार) | ३० |
| १०. | असल मान्छे बन्ने गुण | ३३ |


Downloaded from http://www.dhamma.digital

# १. यथार्थवादी धर्म

आजको वैज्ञानिक युगमा हाम्रो समक्ष धेरै प्रकारका धर्महरू छन्। ती धर्महरूमध्ये बुद्ध धर्म पनि एउटा विशेषता भएको धर्म हो । आज सबै धर्ममा परम्परागत अन्धविश्वासले स्थान पाइसकेको छ । जस्तै पृथ्वीको वरिपरि सूर्य घुम्ने, चन्द्र सूर्य देवता हुन्, पृथ्वी समतल छ, आत्मा परमात्मा आदि । परन्तु विज्ञानले त्यसलाई अन्वेषण गरी झूठ्ठा सावित गरिसक्यो।

बुद्ध धर्ममा पनि अन्धविश्वासको कुराले स्थान पाइसकेको छ। तापनि यस वैज्ञानिक तत्व र व्यावहारिक पक्षपाती कुराहरू धेरै छन्। बुद्ध धर्म वैज्ञानिक र व्यवहारिक हो कि होइन अन्वेषण गर्नुपरेको छ।

गौतम बुद्ध सामाजिक र व्यावहारिक हुनुहुन्थ्यो । तर कसैको कथन छ गौतम बुद्धले परिवार त्याग गर्नुभएको व्यवहारिक पक्षपाती भएन, परन्तु वास्तवमा तत्कालीन वातावरणमा राजा भएर बहुजन हिताय, बहुजन सुखाय काम



Downloaded from http://www.dhamma.digital

गर्न सक्तैन भन्ने सिद्धार्थ कुमारले बुझ्नुभएको देखिन्छ। त्यसैले बहुजन हित र सुख हुने बाटो खोज्न उहाँले गृह र परिवार त्यागनुभएको हो। उहाँले यो कहिले पनि भन्नुभएको छैन कि सबैलाई घर र परिवार त्यागनुपर्छ।

गौतम बुद्धको चार आर्य सत्य सिद्धान्तमा पहिलो दुःख सत्य र अनित्य कुरा लिएर केही विद्वान्हरू भन्छन् बौद्ध धर्म केवल दुःखमय जीवन बनाउन मात्र खोज्दछ, अतः बौद्ध धर्म निराशावाद हो। वास्तवमा बौद्ध धर्म निराशावाद पनि होइन, आशावाद पनि होइन, बरू यथार्थवाद हो।

पाश्चात्य देशमा पनि दुःख आर्य सत्यको बारेमा भ्रम भएको छ, यसको कारण हो दुःखलाई अङ्ग्रेजीमा Suffering भनी अनुवाद गरिदिएको। यो अनुवाद ठीक छैन। दुःखको अर्थ हो सङ्घर्षमय जीवन अङ्ग्रेजीमा Struffle हुनुपर्ने जस्तो लाग्छ। किनभने दोस्रो सत्य दुःख समुदय (दुःखको कारण) अध्ययन गर्दाखेरि थाहा हुन्छ कि हाम्रो जीवन सङ्घर्षसमय हो। दुःखको कारण तृष्णा अर्थात् धन, बल, सम्पत्तिसम्बन्धी जम्मा गर्ने आशा भन्नु हुँदै गौतम बुद्धले भन्नुभएको छ– कामभोग सुख प्राप्त गर्ना निमित्त उत्साह र प्रयत्न गर्नुपरेको, काम खोज्नुपरेको, कृषि,



Downloaded from http://www.dhamma.digital

पशुपालन, व्यापार, जागिरदार बन्नुपरेको। यी कुराहरू नहुँदाखेरि दुःख हुन्छ। आफ्नो जीवन रक्षाको लागि उत्साह, त्यसको लागि झगडा र कुटपिट हुन्छ। कहिलेकाहीँ चोरिमा फस्छ। फलस्वरूप नाना प्रकारका कठोर सजाएँ पाएर यही जन्ममा दुःख भोग्नुपर्ने हुन्छ। यसको कारण कामभोग (विलाषिता र स्वार्थी नै) हो।

कामभोगको हेतुले (तृष्णाले) गर्दा नै राजा पनि राजासित झगडा (सङ्घर्ष) गर्छ। ब्राह्मण पनि ब्राह्मणसित, आमा–बाबु र छोरा–छोरीहरू बीच पनि झगडा हुन्छ। भाइ–भाइ, साथी–साथीको बीच कलह हुन्छ। त्यसो हुँदाहुँदै मुक्कामुक्की चलेपछि मृत्युको शिकार बन्छ। यी सबै घटना भोगविलासले गर्दा हुन्छ। (मज्झिम निकाय)।

मुख्य प्रश्न दुःखको हो। धेरै मानिसहरू दुःखी छन्। मुट्ठिभर मात्र सुखीहरू छन्। त्यो दुःख कहाँबाट आयो, किन भयो, त्यसको कारण के ? दुःखको कारण पत्ता लगाएर जरैदेखि झिकेर फाल्नुपर्छ। अनि मात्र दुःख अन्त हुन्छ। दुःखको अन्त हुनै पर्छ। संसारमा दुःखै दुःख मात्र छ भन्ने बुद्धले भन्नुभएको छैन। बुद्ध निराशावादी हुनुहुन्न। दुःखलाई अन्त गर्ने उपाय बुद्धले भन्नुभएको छ।



Downloaded from http://www.dhamma.digital

आँखाले रूप नहेर भन्नुभएको होइन। सचेत भई आँखाले रूप हेरी आस्वाद नलिकन त्यसैमा नटाँसिरहनु बुद्धको शिक्षा हो। भोगको दुष्परिणाम बुझ्नुपरेको छ।

आजभोलि शान्ति स्थापनाको लागि प्रयास गर्नेहरूले अशान्तिको मूल कारण तृष्णा (आवश्यकभन्दा बढी सम्पत्ति जुटाउने इच्छा, जति भए पनि नपुगिने आशा) भन्ने पत्ता लगाउन सकेन वा कोशि गरेको देखिएन। जे होस् दुःखबाट मुक्ति पाउने व्यक्तिगत सम्पत्तिमा आशक्ति नराख्ने बाटो बुद्ध धर्मले देखाएको छ।

✤



Downloaded from http://www.dhamma.digital

# २. बौद्ध पूजा

पूजाविधिबारे बुद्धको व्यवहारिक पक्ष के हो यतातिर एक दृष्टि दिउँ। आजको समाजमा धर्मको दुई पक्ष देखिन्छ। एक थरी पूजा प्रार्थनामा आस्था राख्ने, अर्को पक्ष समाजको व्यवहारमा सुधार ल्याई जीवनयापन गर्ने। मूर्तिपूजाको लागि भिक्षुहरूले समय व्यर्थ नफाल्नु भन्ने गौतम बुद्धले भन्नुभएको कुरा दीघनिकायअन्तर्गत महापरिनिर्वाण सूत्रमा उल्लेख छ। तर गृहस्थीहरूलाई दुई प्रकारका पूजा भन्नुभएको छ।

(क) आमिस पूजा

(ख) प्रतिपत्ति पूजा

पुष्प–धूप आदि चीजले पूजा गर्नुलाई आमिस पूजा भनिन्छ। व्यवहारमा सुधार ल्याउनु र सुधार गर्नु नै प्रतिपत्ति पूजा हो।

दुई थरी पूजा भन्नुभए तापनि बुद्धले प्रतिपत्ति पूजालाई नै प्रशंसा गर्नुभएको देखिन्छ। केवल भक्तिभावले मात्र मूर्ति पूजामा संलग्न भई आफू व्यवहारमा निष्कृय हुनु अन्धविश्वास मात्र हुन जान्छ।



Downloaded from http://www.dhamma.digital

थेरवाद (हीनयान) बौद्ध धर्ममा पूजा गर्दाखेरि बुद्धको गुण स्मरण गर्नु र मार्ग प्रदर्शकको रूपमा हुन्छ न कि वरदान लिना निमित्त। गौतम बुद्ध भन्नुहुन्थ्यो – “म वरदानबाट टाढा हुँ।” “तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता अर्थात् काममा आफैंले उत्साह र प्रयत्न गर्नुपर्छ, तथागत त मार्ग प्रदर्शक मात्र हो। तथागतको निर्देशनअनुसार त्यो बाटोमा हिँड्न सक्यो भने आफ्नो लक्ष्य पूरा हुन सक्छ। म तिमीहरूको मुक्तिको जिम्मा लिन सक्तिन। तिमीहरू आफ्नो ज्योतिमा हिँड आफ्नै शरणमा जाऊ। अर्काको शरणमा न बस। अत्त दीपो भव, अत्त सरणा अनञ्ज सरणा।”

आजको युगमा हामीलाई चाहिने प्रतिपत्ति पूजा हो। प्रतिपत्ति पूजाको अर्थ स्पष्ट गर्नलाई एउटा उदाहरण प्रस्तुत गर्दछु। धर्मात्माको तौल बाहिरी पूजा पाठले मात्र गर्न सकिँदैन, बल्कि उसको आचरणबाट नै धर्मात्मा भन्न सकिन्छ।

भनू कि एक जना देवभक्ति या पूजारी स्वयम्भू अथवा पशुपतिमा दिनका दिन पूजा गर्न जान्छ। उसको हातमा चोखो पानी र पूजाको सामान छ। त्यो पूजारी मन्दिरतिर जाँन्दै थियो। उताबाट एकजना तिर्खाएको मानिसले त्यो पूजारीलाई भेट्यो। त्यो निर्खाएको मानिसले पूजारीसित अनुरोध गरेर भन्यो– “दाजु अथवा दिदी ! मलाई सारै प्यास लागेको छ, पानी खान दिन सक्नुहुन्छ कि ?”



Downloaded from http://www.dhamma.digital

पूजारीले भन्यो– "यो चोखो पानी देउतालाई चढाउन ल्याएको पो त ! तिमीलाई दिन सक्तिन।"

त्यो तिर्खाएको वटुवा निराश भई आफ्नो पाइला अगाडि बढायो। उता अलि पर पुगेपछि एक जना किसान खेती गर्न कृषि सामान र पानी बोकी आइरहेको थियो। त्यो तिर्खाएको पथिकले त्यो किसानसित "दाजु ! पानी अलिकति खान दिन सक्नुहुन्छ" भनी सोध्यो। त्यो किसानले खुशीसाथ खानुस् भनी पानी दियो। पानी खाइसकेपछि "जय होस् किसान दाजु !" भनी आशीर्वाद दिई पथिक आफ्नो बाटोमा लाग्यो।

अब प्रश्न उठ्छ दिनका दिन भक्ति र उपासनामा लाग्ने पूजारी धर्मात्मा भनू कि तिर्खाएको पथिकलाई पानी दिने किसान ?

वस्तवमा त्यो चोखो पानी लैजाने पूजारीभन्दा प्यास लागेको पथिकलाई पानी ख्वाउने किसान नै धर्मात्मा हुन जान्छ। किसानलाई पानी ख्वाउने काम नै प्रतिपत्ति पूजा हो। कर्तव्य हो। धर्म हो।

✤



Downloaded from http://www.dhamma.digital

# ३. बौद्ध व्यवहार धर्म

धेरै जनाले सोद्ध छन् गृहस्थीहरूलाई कस्तो किसिमको धार्मिक बाटो बुद्धले देखाउनुभएको छ र कसरी जीविका चलाउनुपर्छ ? भगवान् बुद्धले श्रृगाल पुत्रलाई दिनुभएको उपदेश उल्लेख गर्नु उपयुक्त ठान्दछु।

एक दिन बिहानै गौतम बुद्ध बाहिर जानुभएको थियो। एक जना श्रृगाल नामक नवयुवक गङ्गामा नुहाइसकेपछि भिजेको शरीरमा बस्त्र नलगाई पूर्व, दक्षिण, पश्चिम, उत्तर, माथि र तल हेरिकन ६ दिशा नमस्कार गरिरहेको बुद्धले देखे।

बुद्धले भन्नुभयो – "तिमीले छ दिशालाई नमस्कार किन गरेको ?" उसले भन्यो – "यो त मलाई थाहा छैन। मैले त परम्परादेखि चलिआएको धर्म सम्झेर गरेको हुँ। मेरो पिता मृत्यु शय्यामा हुँदाखेरि मलाई यसरी नमस्कार गर्नु भनी भन्नुभएको थियो।"

"नजानीकन गरिएको पूजाले के लाभ त ?"



Downloaded from http://www.dhamma.digital

"भन्ते !तपाईंले नै भन्नुस् पूजा केको लागि गरिन्छ र कस्तो किसिमको पूजा गर्नुपर्छ ?"

"त्यसो भए म भन्छु, राम्रोसँग सुन। सबैभन्दा पहिले दिशाको अर्थ सम्झनुपर्छ, जुन दिशालाई तिमीले पूजा गरिरहेको छ त्यो साँच्चैको दिशा होइन, पूजा गर्नुपर्ने दिशा त अर्कै छ।

## ३.१ आमा–बाबु पूर्व दिशा

भन्ते, ! त्यो कस्तो किसिमको दिशा त ?

हे गृहपतिपुत्र, ! आमा बाबु पूर्व दिशा हो।

### आमा बाबुप्रति छोरा छोरीको कर्तव्य

(क) पालन–पोषण गर्ने।

(ख) आवश्यक कामकाज गरिदिने।

(ग) आमा बाबुको कुदृष्टि र कुचाल ठीक गरिदिने।

(घ) आफू अनुशासनमा रहने।

### छोरा छोरीप्रति आमा बाबुको कर्तव्य

(क) नराम्रो काममा नलगाउनु।

(ख) राम्रो बाटो देखाउनु।

(ग) रचनात्मक शिक्षा दिनु।

(घ) अनुशासित गुरु हुनु।



Downloaded from http://www.dhamma.digital

## ३.२ गुरु दक्षिण दिशा

### गुरुप्रति शिष्यको कर्तव्य

(क) परिश्रमी हुनु।

(ख) सेवा भाव हुनु।

(ग) अनुशासनप्रिय बन्नु।

(घ) राम्रोसँग शिक्षा हासिल गर्नु।

### शिष्यप्रति गुरुको कर्तव्य

(क) सच्चा नागरिक बनाउनु।

(ख) रचनात्मक शिक्षा दिनु।

(ग) केही बाँकी नराखी शिक्षा सिकाउनु।

(घ) शिष्यको यथार्थगुण प्रशंसा र रक्षा गर्नु।

## ३.३ पति पत्नी पश्चिम दिशा

### स्त्रीप्रति पतिको कर्तव्य

(क) प्रिय वचनले सम्बोधन गर्नु।

(ख) अपमान नगर्नु।

(ग) परस्त्री गमन नगर्नु।

(घ) सम्पत्ति सुम्पनु।

(ङ) शक्तिअनुसार वस्त्राभूषण दिनु।



Downloaded from http://www.dhamma.digital

### पतिप्रति पत्नीको कर्तव्य

(क) घरको काममा पूरा सहयोग गर्नु।

(ख) पाहुनालाई राम्रोसँग सत्कार गर्नु।

(ग) पतिव्रता हुनु।

(घ) घरको सम्पत्ति दुरुपयोग नगरी रक्षा गर्नु।

(ङ) पतिको आयअनुसार वस्त्राभूषण माग्नु।

## ३.४ मित्र उत्तर दिशा

### मित्रप्रति मित्रको कर्तव्य

(क) बेहोश र आपत्त कालमा धनको रक्षा गरिदिनु।

(ख) साथीको आपत्त कालमा भरोसा दिनु।

(ग) इज्जत हुने गरी व्यवहार गर्नु।

(घ) आपत कालमा नछोड्नु।

Dhamma.Digital

## ३.५ मालिक र कर्मचारी तल्लो दिशा

### कर्मचारीप्रति मालिकको कर्तव्य

(क) शक्तिअनुसार काम दिने।

(ख) काम हेरीकन ज्याला दिने।

(ग) बिरामी हुँदा उपचारसेवा दिने।

(घ) बेलाबखतमा छुट्टी दिने।



Downloaded from http://www.dhamma.digital

### मलिकप्रति कर्मचारीको कर्तव्य

(क) ठीक समय काममा उपस्थित हुनु।

(ख) काम सिद्धिसकेपछि मात्र सुत्नु।

(ग) कामअनुसार उचित ज्याला लिनु।

(घ) कर्तव्य परायण हुनु।

## ३.६ श्रमण भिक्षु माथिल्लो दिशा

### दाताप्रति श्रमणको कर्तव्य

(क) नराम्रो कामबाट जोगाउनु।

(ख) असल काममा लगाउनु।

(ग) दाताहरूलाई दया गरी अनुशासन गर्नु।

(घ) कुसंस्कार हटाउन प्रयत्न गर्नु।

### श्रमणप्रति दाताको कर्तव्य

(क) मैत्रीपूर्वक कार्य कर्म गर्नु।

(ख) मैत्रीयुक्त वचन बोल्नु।

(ग) मैत्री सहगत मनले विचार गर्नु।

(घ) सामाजिक र धार्मिक कार्यमा सहयोग दिनु।

यति कुरा सुनिसकेपछि श्रृगाल पुत्रले भन्यो – "भन्ते! माता आदिको पूजा त ठीक छ, तर सेवकको पूजा कसरी गर्ने ? सेवकहरूले त मेरो पूजा गरिरहेका छन्।"



Downloaded from http://www.dhamma.digital

गौतम बुद्धले भन्नुभयो– "पूजाको अर्थ केवल हात जोडी नमस्कार गर्नु होइन, परस्पर कर्तव्य पालन गर्नु पनि हो। मुख्य पूजा त कर्तव्य पालन गर्नु नै हो।"

हामीलाई देवताको आवश्यक छ तर नबोल्ने र निष्क्रियभन्दा उपकार गर्न सक्ने हुनुपर्छ। त्यसैले पुस्तकमा उल्लेखित देवताभन्दा व्यवहारमा आउने उपकार गर्न सक्ने मनुष्य देव नै असल छ भन्ने बौद्ध दृष्टिकोणले भन्छ।

विवेक, बुद्धि र मानवीय गुणरहित मानिसले शोषण गरिरहेको छ र दुःख–पीडा आदि दिएर डकैति गर्छ भने उसलाई बौद्ध धर्मले मनुष्य राक्षस भन्ने व्यवहार गर्छ। बुद्ध धर्म मानव धर्म हो यथार्थवाद हो, आदर्शवाद होइन।

✤



Downloaded from http://www.dhamma.digital

# ४. बुद्धको मानवतावाद

बुद्ध धर्ममा जातिवादलाई स्थान छैन बरु मानवतावाद समावेश भएको छ। उदाहरणार्थ सुनित भन्ने शोषित पोडेलाई बुद्धले आफ्नो सङ्घको सदस्य बनाई उपकार गर्नुभएको प्रमाण छ। कथा यस प्रकार छ –

श्रावस्ति नगरमा सुनित नामक च्यामे थियो। त्यो बाटोमा सफा गर्ने काम गर्दथ्यो। ऊ सारै गरीब थियो। समाजले उसलाई अछुत भनी अलगै राख्दथ्यो। ठूलो खान्दान र धनी खालका मानिसहरू बाटोमा हिँड्दा च्यामे-पोडेहरू टाढैबाट हट्नुपर्दथ्यो। अन्यथा मार खानुपर्ने अवस्था आइपर्दथ्यो। उसलाई शिक्षा हासिल गर्न र धर्म गर्न कुनै अधिकार थिएन। किनकि समाजले अछुत भनी अलग गरिदिएको थियो।

एक दिनको कुरा हो त्यो सुनित च्यामे बाटोमा सफा गरी फोहर जम्मा गरिररहेको थियो। अनि गौतम बुद्ध बिहानै त्यही बाटोमा भिक्षुहरूको समूह लिई आउनुभएको थियो। उहाँलाई देखेर सुनित भयभीत भई कता जाने भनी भाग्न खोजेको त बुद्ध



Downloaded from http://www.dhamma.digital

त्यहीं आइपुग्नु भयो। अनि सुनित पर्खालमा टाँसेको जस्तै उभिरह्यो। गौतम बुद्धले सुनितकहाँ जानुभई सोध्नुभयो –

"साथी के तिमी यो काम छाडी भिक्षु बन्न चाहन्छौं ?"

बुद्धको करुणापूर्ण कुरा सुनी सुनित खुशीले गद्‌गद् भयो। एक छिन त्यो बोल्नै सकेन। उसले जानेको पनि थिएन कि गौतम बुद्ध –त्यति दयावान हुनुहुन्छ।

अनि त्यसले भन्न थाल्यो – "अहो ! महादयावान गौतम बुद्ध ! मलाई सबैले आज्ञा मात्र दिन्थे, मैले कसैको मुखबाट दयापूर्ण र नरम शब्द सुनेको छैन। सबै हुकुम चलाउन मात्र आउँथे। म जस्तो गरीब अशिक्षित र फोहरीलाई तपाईंले आफ्नो सङ्घमा स्थान दिनुहुन्छ भने म भिक्षु बन्न तयार छु।"

गौतम बुद्धले उसलाई भिक्षु बनाइदिनु भयो। त्यो दिनदेखि त्यो सुनित पूज्य बन्यो। राजा, मन्त्री आदि महाजनहरूले नमस्कार गर्न लायक बन्यो। जातिवादलाई ठूलो प्रहार गरेर बुद्धले नीच जातिहरूलाई प्रवजित गराई उच्च जातिहरूले नमस्कार गराउनुभयो। उहाँले भन्नुभएको छ –

*न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो*

*कम्मना वसलो होति कम्मना होति ब्राह्मणो*

अर्थात् – जन्मले कोही पनि चण्डाल र ब्राह्मण हुँदैन। कर्मले नै चाण्डाल र ब्राह्मण हुन्छ। यो कुरा उपर्युक्त घटनाले स्पष्ट हुन आउँछ।

✤



Downloaded from http://www.dhamma.digital

# ५. रोगीको सेवा

गौतम बुद्ध केवल उपदेश मात्र दिने खालको थिएन, आफूले कार्य गरेर मात्र अरूलाई उपदेश दिन्थे। रोगीको सेवा गरी परस्पर सेवा भाव हुनुपर्छ भन्ने देखाउनुभयो । कथा यस प्रकार छ –

एकदिन गौतम बुद्ध भिक्षुहरू बस्ने विहार निरीक्षण गर्न जानुभएको थियो । एक जना भिक्षु पेटको व्यथाले सिकिस्त भई मलमूत्रसहित बिछ्यौनामा छटपटाइरहेको बुद्धले देख्नुभयो । तथागतले सोध्नुभयो "भिक्षु ! तिमीलाई कसैले सेवा–टहल गर्दैन ?"

रोगिले उत्तर दियो – "भन्ते ! कोही पनि मकहाँ आउँदैनन्।" अनि तथागतले आनन्दलाई पानी तताउन आज्ञा दिनुभयो। तातो पानी ल्याइसकेपछि गौतम बुद्धले स्वयं त्यो बिरामी भिक्षुको टाउको समात्नुभयो र आनन्दले अरू शरीर समाती अन्तै लगे। कपडा फेरिकन आफ्नो हातले त्यो अनाथ भिक्षुलाई नुहाई सेवा गर्नुभयो।



Downloaded from http://www.dhamma.digital

त्यसपछि सबै भिक्षुहरू जम्मा गरी तथागतले भन्नुभयो – "भिक्षुहरू ! तिमीहरूको आमा–बाबु दाजुहरू छैनन् । अतः तिमीहरूमा परस्पर सहानुभूति र सेवाभाव हुनुपर्छ । आज म तिमीहरूलाई भन्छु – "यो गिलानं उपट्ठाति सो मं उपट्ठाति" अर्थात् जसले रोगीको सेवा गर्छ उसले मेरो सेवा गरेको हुन्छ ।"

✤

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# ६. अशान्तिको कारण असमानता

बुद्ध धर्ममा मानववाद समावेश भएको छ। बुद्धवाद अतिवादबाट टाढा छ। सबै वर्गलाई ढोका खोलेको छ। राजादेखि गरीबसम्म, ब्राह्मणदेखि चण्डाल, डाँका र वेश्याहरू तथा पति हत्या गरेर आएकी आइमाईहरूलाई पनि भिक्षु–भिक्षुणी सङ्घमा सम्मिलित हुन दिएको प्रमाण पाइन्छ। पापी भए पनि हृदय परिवर्तन भएपछि सज्जन हुन सक्छ। दुर्जनहरू सज्जन हुन सम्भव नै छैन भन्ने धर्मको के महत्त्व रह्यो। पाप देखेर घृणा गर्नुपर्छ। पापी देखेर घृणा गर्नु होइन। हुन त पापीहरू धेरै थरीका हुन्छन्। (जन्मसिद्ध अधिकार मानी धनीले गरीबलाई शोषण गरिरहने भिन्नै खालका पानी हुन्। काम नपाएर गरीबीले गर्दा पाप गर्ने भिन्नै हो।)

बुद्ध धर्मले यही जोड दिन्छ कि कुनै मानिस किन पापी हुन्छ, किन चरित्र भ्रष्ट हुन्छ। किन व्यभिचार गर्छ र किन झूठो कुरा गर्छ; यी घटनाको कारणतिर राम्रो ध्यान दिएपछि मात्र ठीक समझदारी हुन्छ। जबसम्म ठीक समझदारी हुँदैन, जबसम्म



Downloaded from http://www.dhamma.digital

कारणलाई पत्ता लगाउँदैन र कारणलाई झिकेर फ्याकिँदैन तबसम्म बौद्ध धर्मले पनि कुनै समस्या हल गर्न सकिँदैन र शान्ति स्थापना गर्न निमित्त मद्दत मिल्दैन।

शान्ति र सदाचार समाजको व्यवस्थामा निर्भर हुन्छ। दीघनिकायको चक्कवत्ति सिंह नाद सूत्रमा गौतम बुद्धले स्पष्ट रूपमा भन्नुभएको छ गरीबी र निर्धनता नै सबै पापको उपज हो। कामकाज नपाएकोले र भोकको कारण चोरी काम हुन्छ भन्ने उपयुक्त सूत्रमा उल्लेख छ।

आजको समाजमा एक थरी अगाडि नबढी पछाडितिर सर्छ त अर्को थरी पछाडि नहेरीकन तीव्ररूपले अगाडि बढ्दै छ। दुई थरीले आजको परिस्थितितिर विचार गर्नुपरेको छ। यस्तै जनताको आर्थिक जीवन राम्रो पार्न बुद्धले मध्यममार्ग देखाउनुभएको छ। आज अन्तर्राष्ट्रिय जगतमा आर्थिक असमानताले गर्दा परिवर्तन र सङ्घर्ष भइरहेको छ। यही आर्थिक समानताको लक्ष्य लिई बुद्धले त्याग र दान गर्नुपर्छ भन्नुभयो। यसको अर्थ यथार्थ रूपमा नबुझी बौद्ध देश भएर पनि शोषण नीतिले गर्दा दुःख भोगिरहेछ। यसका खास कारण आर्थिक असमानता हो। यही नै कारण हो आज क्याम्बोडिया, लाओस र भियतनाममा अशान्तिको वातावरणले छाइरहेको। बौद्ध समाजमा



Downloaded from http://www.dhamma.digital

धनी–गरीबको भेदभाव छैन र धनी–गरीब वर्ग समाप्त हुनुपर्छ। यही नै मध्यम मार्गको यथार्थ अर्थ हो । मतलब शोषक (शोषित वर्ग अन्त गर्नुपर्छ) अनि मेरो–तेरोको प्रश्न स्वतः लोप हुन्छ।

धनी वर्गको धनमदले गर्दा गरीब वर्ग धेरै दुःख भोगिरहेका छन्। साधारण गृहस्थी परिवारमा पनि धनी –गरीबको भेद भावले कलह, अशान्ति भइरहेको छ।

✤



Downloaded from http://www.dhamma.digital

# ७. सदाचार

खस गरी बुद्धले सदाचार र इमान्दारी तथा सादा जीवनलाई प्रशंसा गर्नुभएको देखिन्छ। सदाचारमा आस्था राख्नेलाई दुःखमय जीवन बिताउनु नपर्ने हो; तर आकस्मिक विघ्न-बाधा र मार (शत्रु) को शिकार भई दुःख भोग्नुपर्ने अवस्था पनि आउँछ। मानिसको जीवन वातावरण र परिस्थितिमा निर्भर गर्दछ। व्यवस्था र वातावरण राम्रो भएमा मात्र समाज सुधार हुन सक्छ। तर व्यक्ति-व्यक्तिको समूहबाट नै समाज बन्दछ। अतः व्यक्तिको हृदय पवित्र र कर्तव्य परायण हुनुपर्छ साथै अधिकारको पनि सदुपयोग गर्ने मौका मिल्नुपर्छ। तर वातावरण र परिस्थिति राम्रो हुनैपर्छ। समाजले नै व्यक्तिलाई ठीक बनाउँछ। बुद्धले भन्नुभएको छ - "पभस्सरमिदं भिक्खवे चित्तं तं च खो आगन्तुकेहि उपक्किलेसेहि संकिलिट्ठ" अर्थात् मानिसको चित्त स्वच्छ -पवित्र हुनलाई जन्मेको हो) तर वातावरणले दूषित पारिदिन्छ। यस



Downloaded from http://www.dhamma.digital

कुराबाट यही स्पष्ट हुन आउँछ कि मानिसको सदाचारमय जीवन वातावरण र व्यवस्थामा निर्भर हुन्छ।

मानिसको जीवन सदाचार नहुनुको कारण असत्‌पुरुषको आश्रय हो भन्नुहुँदै बुद्धले भन्नुभएको छ- लाभको निमित्त मित्र हुन आउने (अञ्ञ दत्थु हरो), वचनले मात्र मित्रभाव देखाउने (=वचीपरम), मुखको अगाडि मात्र प्रशंसा गर्ने (=अनुप्पिय भाणी), खराब काममा सहयोग दिने मित्र (=अपाय सहाय), उपर्युक्त चार प्रकारका असत मित्रहरूसित सतर्क हुनुपर्छ (दीघनिकाय- सिगालोवाद सूत्र)।

आर्थिक जीवन उन्नतिको लागि सराहनीय उपदेश अथवा निर्देशन गौतम बुद्धले दिनुभएको छ। माहुरीहरूले फूललाई नबिगारी मह जम्मा गरेझैं (भमरस्सेव इरीयतो) गृहस्थीहरूले परिश्रमी भई धनआर्जन गर्न सिनुपर्छ। त्यस्तो किसिमको धार्मिक जीवनले कमाएको धनमध्ये एक भाग खानलाई राख्ने, दुई भाग आफ्नो काममा लगाउने र अरू एक भाग भविष्यको लागि सुरक्षित गरिराख्न सिक्नुपर्छ।

आम्दानीअनुसार खर्च गर्न सिक्नुपर्छ (=समजीवितो) भन्ने बुद्धवाद (बुद्ध धर्म) को उच्च निर्देशन हो। परिश्रम गरी कमाएको धनको सुरक्षा हुनुपर्छ (आरक्ख सम्पदा) भन्नुहुँदै बुद्धले भन्नुभयो- आफूसित बचेको धनले आमा-बाबु र



Downloaded from http://www.dhamma.digital

बाल–बच्चाहरू, कर्मचारी, मित्रहरूलाई सङ्ग्रह गर्नाले कुनै हानि हुँदैन। तर धेरै पैसा सञ्चय गर्नु हानिकारक छ। धन काल सर्प हो। (=कालसप्पो), धनको सदुपयोग गरेन भने राज्यबाट (=राजतोवा), चोरहरूबाट (चारतोवा), बाढीबाट (ओघतोवा), आगलागीबाट (=अग्गितोवा हरन्ति) धन नाश हुन जान्छ भनी स्पष्ट रूपमा बुद्धले भन्नुभएको छ।

एक जना सज्जन भगवान् बुद्धकहाँ गएर प्रश्न गरे कि रात–दिन पुण्यसञ्चय गर्नलाई के–कस्तो काम गर्नुपर्छ ?

भगवान् बुद्ध भन्नु हुन्छ –

*आरामरोपा वनरोपा येजना सेतु कारका*
*पपञ्च उदपानञ्च येददन्ति उपस्सयं*
*तेस दिवाच रत्तोच–सदापुञ्ञं पवड्ढति*
*धम्मट्ठा सील सम्पन्ना–तेजना सग्गगामिनोति*

अर्थात् फूलको बगैंचा, फलफूलको बगैंचा, हरियोवन लगाउनु, पुल बनाउनु, इनार बनाउनु र सिचाइँलाई पोखरी आदि बनाएमा रात–दिन पुण्य बृद्धि हुन्छ भन्नुभएको कुराले बुद्ध धेरै नै दूरदर्शि समाजसेवी हुनुहुन्छ भन्ने स्पष्ट हुन आउँछ।

✤



Downloaded from http://www.dhamma.digital

# ८. बुद्ध धर्म र व्यापार

धेरै जनाले प्रश्न गर्छन् बुद्ध धर्म अपनाए व्यापार गर्न सकिन्छ ?

यस प्रश्नमाथि विश्लेसनात्मक विचार गर्नुपरेको छ। आज धर्म, व्यापार, राजनीतिको सिद्धान्त र व्यवहारको बीचमा धेरै फरक देखिन्छ; अतः मानिसहरूले धर्मलाई ढोङ्गा र पाखण्ड, व्यापारलाई ठगशास्त्र, साथसाथै राजनीतिलाई छलकपट ठानिसके। वास्तवमा त्यस्तो होइन। केवल समाज र राज्यको दुर्व्यवस्थाले गर्दा मात्र मानिसहरूको विचार र हृदय सङ्कुचित तथा संङ्कीर्ण भएको देखिन्छ।

बुद्धमतानुसार विनाहेतु वा कारण केही हुन सक्तैन। अर्थात् सबै घटना हेतु-प्रत्ययले नै हुन्छ "इदं सति इदं होति (=यो भएकोले यो भयो) यसले गर्दा यसको जन्म भयो। मुख्य कुरा त यो हो कि समाज र आर्थिक विषमता तथा राज्यको अकुशलताले गर्दा जुनसुकै काम पनि बहुजन हित सुखको निमित्त नभई व्यक्तिगत हितको लागि हुन गयो।



Downloaded from http://www.dhamma.digital

आज व्यापार शतप्रतिशत लाभ र नाफा खानको निमित्त भइसक्यो न कि बहुजन हितको लागि हो। (प्रायः पूंजीपति देशमा मात्र व्यापार व्यक्तिगत लाभको निमित्त हुन्छ।)

बौद्धसिद्धान्तअनुसार निम्न लिखित व्यापार छोडेर अरू सबै प्रकारका व्यापार गर्नमा मनाही या आपत्ति छैन। हो, बेइमानीको लागि स्थान छैन।

सिद्धान्ततः बौद्धहरूको लागि अनुचित व्यापारहरू –

(क) सत्थ वणिज्जा (=शस्त्र-अस्त्र व्यापार)

(ख) सत्त वणिज्जा (=बलि पूजा, हिंसानिमित्त पशुको बिक्री)

(ग) दास वणिज्जा (= दासको लागि मानिसको बिक्री)

(घ) मज्ज वणिज्जा (= मादक पदार्थ व्यापार रक्सी आदि)

(ङ) विस वणिज्जा (=विषको व्यापार)

Dhamma.Digital

## ८.१ शस्त्रको व्यापार

२५०० (पच्चीस सय ) वर्षअगाडिको बुद्धसन्देश आजसम्म एकदम ताजा छ। आज विश्वमा तानातानी भइरहेको कारण धेरै ठूल-ठूला राष्ट्र अस्त्र-शस्त्र जम्मा गर्नमा र बिक्री गर्नमा लागेका छन्। यद्यपि सबै राष्ट्र विश्वशान्तिका पूजारी हुन्। भयानक अस्त्र-शस्त्रको आविष्कार र अरू देशलाई बेच्न र सहायता दिएको कारणले विश्वमा अशान्तिको वातावरण



Downloaded from http://www.dhamma.digital

देखिएको छ। अतः सम्पूर्ण निःशस्त्रीकरणविना शान्ति असम्भव भएकोले नै गौतम बुद्धले यस्तो सन्देश दिनुभएको हुनुपर्छ।

## ८.२ पशुको व्यापार

आज पनि धेरै मानिसहरू देवतालाई बलिपूजा गर्नुमा विश्वास गर्दछन्। बुद्धकालीन समयमा त हजारौं जनावरहरूको बलिपूजा गरिन्थ्यो। अतः बौद्ध धर्मअनुसार हिंसाको निम्ति पशु बिक्री अनुचित छ। देवी–देवतालाई बलिपूजा गरेर धर्म हुन्छ भनी ठान्नु अन्धविश्वास हो र धर्मको नाममा हिंसा गर्नु भयङ्कर पाप हो।

## ८.३ दासको व्यापार

साँच्चि नै मानवसमाजमा दासप्रथालाई स्थान दिइएको शर्मको कुरा हो। पहिलेदेखि नै यस्तो अमानवीय बिक्री प्रथा चलिआएको थियो। आज प्रकट रूपमा मानिस बिक्री नभए तापनि कहिलेकाहिँ बच्चा र स्त्री बिक्री त जतातततै भइरहेको सुनिन्छ, जसले गर्दा वेश्यालयको संख्या बढ्दै छन्। अतः बुद्ध धर्मअनुसार दास व्यापार गर्नु बौद्धहरूलाई उचित छैन।

## ८.४ मद्य व्यापार

मद्यपानलाई "सर्वोच्चानन्द पान" भनी प्रचार भइरहेको देखिन्छ। यति मात्र हो र आज मद्यपान सभ्यताको चिन्ह भनी



Downloaded from http://www.dhamma.digital

मानी आइरहेका छन्। तर मद्य एउटा यस्तो चीज हो। जसले कि मानवलाई दानव बनाइदिन्छ। रक्सी खाने बानि भइसकेपछि मानिसको जीवन सफल हुन गाह्रो छ भन्नु अत्युक्ति नहोला। विशेष गरेर अशिक्षित समाजलाई कुप्रभाव पार्छ। त्यसैले नै आज-भोलि धेरै ठाउँमा मद्य निशेधको लागि आवाज निस्कन्दै छन्।

## ८.५ विषको व्यापार

विषले आत्महत्यालाई प्रोत्साहन मिल्छ। जीवन राष्ट्रको सम्पत्ति हो। बौद्धहरूले यस्तो विनाशक विषालु चीज बिक्री गर्न मनाही छ। उक्त कुराहरूबाट यो निश्चित हुन्छ कि गौतम बुद्ध शान्तिका दूत हुन्।

अंगुत्तर निकाय बौद्ध ग्रन्थअनुसार उपर्युक्त व्यापारहरूको अतिरिक्त व्यापार उन्नतिको उपाय पनि बुद्धले बताउनुभएको छ।

यदि कोही व्यापारीले आफ्नो व्यापार उन्नत गर्न चाहन्छ भने उसमा कुशाग्र बुद्धि, वस्तुको मूल्य निर्धारण शक्ति तथा व्यवहार कुशलता हुनुपर्छ। हामीहरूलाई अनुभव भएको कुरा हो कि धेरै पसलेहरूको दुर्व्यवहारले गर्दा हामी फेरि त्यही पसलेकहाँ जान मन गर्दैनौं। बुद्धसदेशानुसार पसलेहरूले अलि नरम र मिठो कुरा गर्ने र इमान्दारी हुन सिक्नुपर्दछ जसले गर्दा ग्राहकहरूको अभिवृद्धि भइरहन्छ।



Downloaded from http://www.dhamma.digital

केवल मिठो कुरा गरेर मात्र पुग्दैन। धेरै पसलेहरू मिठो कुरा गरेर ग्राहकहरूलाई ठग्ने प्रवृत्तिका हुन्छन्। पसलेहरूलाई स्वच्छ व्यवहार कुशलता अनिवार्य छ। अन्यथा व्यापारमा सफलता प्राप्त गर्न मुस्किल हुन आउँछ।

अर्को पसलेहरूलाई चाहिने गुण कुशाग्र बुद्धि हो। व्यापारी चिन्तनशील हुनुपर्दछ। यति पैसाले किनेको यति पैसामा बेच्यो भने यति नाफा हुन्छ। यसको मतलब यो होइन कि पाँच रुपैयाँको दश रुपैयाँमा बेच्नु। यस्तो पनि हुँदैन कि म पञ्चशील पालन गर्छु त्यसैले रू. ५/- को पाँचै रुपैँयाँमा बेचेर अव्यवहारिक इमान्दारी बन्नु। फेरि यस्तो पनि हुँदैन कि शुद्ध घ्यूमा अरू वनस्पति (नक्कली) घ्यू मिसाउने, दूधमा पानी मिलाउने इत्यादि प्रकारको व्यापार अनुचित छ। आफूसित भएको वस्तुहरू लुकाई बढी पैसा लिई कालो बजार गर्नेहरूको निम्ति बुद्ध धर्ममा स्थान छैन।

अर्को एउटा व्यापारीमा हुनुपर्ने गुण यो हो कि जहाँ माग अधिक छ त्यहाँ व्यापार गर्नु सफल हुन्छ। किन कि माग र पूर्तिअनुसार मूल्यमा घटी-बढी हुन्छ। जहाँ माग कम छ। त्यहाँ उसको पूर्ति अधिक छ भने वस्तुको मूल्य कम हुन्छ। माग अधिक भएको ठाउँमा पूर्ति कम भयो भने त्यहाँ भाउ बढ्छ। (तर यो नियम पूँजीपति देशमा मात्र लागु हुन्छ) कुनै-कुनै देशमा माग र पूर्तिअनुसार मूल्य घटी-बढी हुने नियमै छैन। त्यहाँ मूल्य निर्धारण पहिले नै गरेको हुन्छ।



Downloaded from http://www.dhamma.digital

जे होस् व्यापारसम्बन्धमा बुद्धले यहाँसम्म भन्नुभएको छ कि कुनै चीज सुलभ ठाउँबाट दुर्लभ ठाउँमा लगेर व्यापार गर्दा खेरि बढ्ता लाभ हुन सक्छ। त्यो लाभ अधार्मिक होइन आफ्नो मेहनतको प्रतिफल हो। (अंगुत्तर निकाय)।

धनोपार्जन विषयमा बुद्धले भन्नुभएको छ शोषण गरी अरूलाई दुःख दिएर धन जम्मा गर्नुहुँदैन। अथक परिश्रमले (=उट्ठान किरियाधिगता) दुवै हातले मेहनत गरेर (=बाहाबल परिचिता) पसिना बगाएर (=सेदा वक्खित्ता) कमाएको धनलाई नै बुद्धले अनुमोदन र समर्थन गर्नुभएको छ।

अरूलाई दुःख–कष्ट दिएर कमाउने धनीले दिएको दानभन्दा भाँडा माझ्ने वा परिश्रम गरेर जीविका चलाउने गरीबको दान उत्तम छ (सादक्खिणा अस्सुमुखा सदण्डा समेन दिन्नस्स न अग्घ मेति) भनी बुद्धले भन्नुभएको छ। (संयुक्त निकाय) गौतम बुद्धको यी विचारहरू सारै व्यावहारिक र सामयिक देखिन्छ।

✤



Downloaded from http://www.dhamma.digital

# ९. ब्रह्म विहार (उत्तम व्यवहार)

मैत्री, करुणा, मुदिता र उपेक्षा यी चार मनोवृत्तिहरूलाई "ब्रह्म विहार" भन्दछन् । आजको परस्पर वैमनस्य भावले भरिएको विश्वलाई बुद्धको मैत्री (मित्रता), करुणा (सहानुभूति), मुदिता (प्रफुल्लित र प्रसन्नता) र उपेक्षा (तटस्थता) शिक्षा प्रचार गर्नु अत्यावश्यक ठान्द छु । यी चार व्यावहारिक धर्म नहुञ्जेल समाजमा एकता हुन सक्तैन। एकताविना न उन्नति हुन सक्छ न शान्ति स्थापना नै सम्भव हुन सक्छ।

"मैत्री" संस्कृत शब्द हो । मेत्ता पालि शब्द हो । मैत्रीको काम हो स्नेह र हृदय कोमल गर्नु। स्नेह वा प्रेम दुई थरिका छन् - तृष्णा प्रेम र मैत्री प्रेम । तृष्णा स्नेह व्यक्तिगत र स्वार्थ भावना भएकोले त्यसमा लोभ चेतना समावेश हुन्छ। अकुशल हुनाले पछि शोक र सन्ताप हुने सम्भावना छ।

"मैत्री प्रेम" अलोभ सम्प्रयुक्त धर्म हो। किनभने मैत्री प्रेम कुनै चीजमा महमा झिँगा टाँसेझैं टाँसिरहने स्वभावको हुँदैन। परस्पर समझदारी र उपकार मात्र हुन्छ। मित्रतालाई स्थाइ बनाउनु



Downloaded from http://www.dhamma.digital

नै मैत्रीको काम हुन्छ। मैत्री प्रेमले अमैत्री पूर्ण काम गर्दैन। सहयोग गर्दाखेरि त्यसको बदला केही अपेक्षा गर्दैन। अरूलाई आफू अधीनमा राख्न चेतना रहँदैन। "मित्तस्स एसा पवत्तीति मेत्ता" अर्थात् मित्रता सधैं हरियो बनाउनु नै मैत्री हो।

## मैत्रीको लक्षण

(क) अर्कालाई हित र कल्याण हुने कुरो विचार गर्नु।

(ख) अर्कालाई हित हुने खालका काम गर्नु।

(ग) द्वेष भावलाई हटाइदिनु।

अर्काको दोष र गल्ति मात्र खोज्न जाँदा अमैत्रीको अभिवृद्धि मात्र हुन्छ। अर्काको गुण स्मरण गरिदियो भने मैत्री बलियो हुन्छ। तर दुवै तर्फबाट मैत्रीपूर्वक कार्य कर्म, मैत्रीपूर्वक वची कर्म, मैत्रीपूर्वक मनो कर्म हुनु आवश्यक छ। अन्यथा मैत्री बालुवाको घरजस्तै अस्थायि हुन्छ।

वैर भाव र ईर्ष्या तथा सङ्कीर्ण विचाररहित समाजमा मात्र मैत्री बलियो हुन्छ। मैत्री चित्त विमुत्तिको प्रेमपूर्वक इच्छा गर्‍यो भने, भावना गर्‍यो भने, अभिवृद्धि गर्‍यो भने अनि उसलाई धेरै प्रकारको लाभ हुन्छ।

सुखपूर्वक सुत्ने छ, सुखैले जागा हुने छ, (किनकी शत्रुतापूर्ण कामै गरेको छैन।) खराब सपना देख्दैन, सबैको प्रिय हुन्छ, (किनकि कसैको अहित हुने कुरा चिताएको छैन) कुनै



Downloaded from http://www.dhamma.digital

प्रकारको हतियार ऊमाथि आइपर्ने छैन। चित्त तुरुन्त एकाग्र हुन्छ, मुखको कान्ति राम्रो हुन्छ, शान्तिले मर्ने छ।

भगवान् बुद्ध भन्नुहुन्छ– भिक्षु हो ! म जानेर नै जानी बुझी गरेको कर्मको अन्त गर्ने कुराहरू भन्दछु। अतः आर्य श्रावक (गृहस्थ) लोभ, द्वेष तथा मोहले विमुक्त भएर सोच अन्तः करणद्वारा मैत्रीयुक्त चित्तले करुणायुक्त चित्तले, मुद्रितायुक्त चित्तले, अनि उपेक्षायुक्त चित्तले चारै दिशालाई अभिव्याप्त ढाक्ने काम गरिदिन्छ। अखिल जगतलाई अवेर र द्वेषरहित मैत्री सहगत चित्तले अभिव्याप्त गरिदिन्छ।

यो सम्भन्छ कि पहिले यी भावनाहरू नगर्नाको कारण मेरो चित्त सङ्कुचित थियो। तर अब उत्तम रीतिले यो मैत्री भावना, यो मुदिता भावना र यो उपेक्षा भावना गर्दाखेरि त्यो असीम अनि अनन्त भएर गयो। जो पनि सीमा भित्र असल कर्म मेरो हातबाट भयो होला। त्यो अब यो अमर्यादित भावनाहरूको कारण शेष रहनै सक्तैन, त्यो यी भावनाहरूको सामुन्ने टिक्न सक्तैन। (अंगुत्तर निकाय)।

यी कुराहरूले स्पष्ट हुन्छ कि बुद्ध व्यवहारिक पक्ष पाती हुनुहुन्छ र उहाँको धर्म व्यवहारिक धर्म हो।

✤



Downloaded from http://www.dhamma.digital

# १०. असल मान्छे बन्ने गुण

बुद्धले दिनुभएको ज्ञानको मुख्य सारांश दुःखबाट मुक्त हुनु हो अर्थात् निर्वाण प्राप्त गर्नु हो। त्यसको लागि बुद्धको शिक्षा राम्रोसँग अध्ययन गर्नुपर्ने र अध्ययन गरेअनुसार आचरण पनि राम्रो पार्नु जरूरी छ। तृष्णा, लोभ र प्रशंसाको आशा गर्नुहुन्न। त्यसरी आशा गरेर धर्मकर्म र समाजसेवा गरेको खण्डमा पैसा सापटी दिएर ब्याज लिएजस्तो हुन्छ।

बुद्धमार्गीहरूले समाजसेवा र धर्मकर्म गर्दाखेरि निस्वार्थी भावनाले गर्छन्। राम्रो काम गर्दाखेरि निस्वार्थी भावनाले गर्छन्। राम्रो काम गर्दाखेरि अवश्य पनि उसको यस र कीर्ति फैलिन्छ र प्रशंसा हुन्छ। हुनु पनि पर्छ। यो स्वभाविक पनि हो। सेवा गरेर मेवा खान हुन्छ। मेवा खानको लागि सेवा गर्नुमात्र ठीक हुँदैन। उपरोक्त कुरा साधारण मानिसलाई पच्ने खालको कुरा होइन।

गौतम बुद्धले धेरैजसो निर्वाणको कुरा गर्नुभएन। उहाँले उपदेश साधारण गृहस्थीहरूको जीवन सफल र उन्नति हुने खालको अर्थात् उच्च मानिस बन्नुपर्ने किसिमको शिक्षा दिनुहुन्थ्यो।



Downloaded from http://www.dhamma.digital

गौतम बुद्धले उत्तम र शुद्ध मानिस बन्नको लागि सात वटा गुणधर्म हुनुपर्ने कुरा बताउनु भएको छ –

(१) उत्साही बन्नु अर्थात् अल्छी नबन्नु (उट्ठानवतो)

(२) होशियारी बन्नु अर्थात् स्मृतिवान् हुनु (सतिमतो)

(३) निर्दोषपूवर्क काम गर्नु (सुचिकम्म)

(४) दूरदर्शी बन्नु (निसम्मकारी)

(५) संयमित, अनुशासित बन्नु (सञ्ञतो)

(६) धार्मिकजीवन जिउनु (धम्मजीविनो)

(७) अप्रमादी बन्नु अर्थात् सचेत बन्नु (अप्पमत्तो)

✤

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital



# भिक्षु अश्वघोष

(संक्षिप्त जीवनी)

**जन्म मिति** : १८ मई १९२६
ललितपुर वकुवहाल

**दिवंगत** : २०७५ चैत्र २२, शुक्रवार

**पिताको नाम** : चन्द्रज्योति शाक्य

**माताको नाम** : लक्ष्मीमाया शाक्य

**गृहस्थीनाम** : बुद्धरत्न शाक्य

**प्रवज्या** : कुशीनगर सन (१९४४)

**उपाध्याय गुरु** : चन्द्रमणि महास्थविर, बर्मी

**उपसम्पदा** : भिक्षु अमृतानन्द महास्थविर

**गतिविधि** : सन् २९४९, मे महिना श्रीलङ्कामा समाजसेवा, बौद्ध जागरण प्रवचन, बहुजनहितको शिक्षाप्रचार (गाउँ गाउँमा युवा वर्गमा)। विशेषरूपमा वर्तमान जीवन सुधारेर शान्त वातावरण बनाउन। ८० भन्दा बढी पुस्तकहरूका लेखक, नेपालभाषा र नेपाली भाषामा।

**प्रधान सम्पादक** : धर्मकीर्ति मासिक पत्रिका

**संस्थापक** : सङ्घाराम भिक्षु तालिम केन्द्र र ध्यानकुटी विहार, बनेपा

**धर्मानुशासक** : धर्मकीर्ति अध्ययन गोष्ठी, स्वयम्भू ज्ञानमाला भजनखलः र युवा बौद्धसमूह काठमाडौं

**बुद्धधर्म अध्ययन** : श्रीलङ्कामा ८ वर्ष, भारतमा ८ वर्ष

**भ्रमण** : श्रीलङ्का, म्यानमार, थाइल्याण्ड, मलेशिया, मङ्गोलिया, भारत, चीन, भूटान, लण्डन, रूस, जर्मन, जापान

वि.सं. २०४८ मा चीनमा संसदीय प्रतिनिधि मण्डलको सदस्य, सन् १९९५ एशियन शान्ति सम्मेलन जापानमा सहभागी सन् १९९७ मा अन्तर्राष्ट्रिय धार्मिक सम्मलेन, सन् १९९८ मा सङ्घ सम्मेलन अन्तर्राष्ट्रिय बुद्धको ज्योति सम्मेलन क्यानाडा, बर्मा सरकारबाट अग्गमहासधम्म ज्योतिक धज पदवी प्राप्त, लुम्बिनी विकास कोषका उपाध्यक्ष २०५१, गोरखा दक्षिणवाहुद्वारा विभूषित २०५१।

Downloaded from http://www.dhamma.digital